# ओहायोको तेस्रो कक्षाको पठन ग्यारेन्टी भनेको के हो?

ओहायोको तेस्रो कक्षाको पठन ग्यारेन्टी भनेको एउटा कानुन हो जुन ओहायोका विद्यालयहरूले किन्डरगार्टनबाट नै सुरु गरेर पालना गर्नुपर्छ (ओहायो संशोधित संहिता 3313.608 हेर्नुहोस्)।

कानुनअनुसार विद्यालयहरूले निम्न कुराहरू गर्नु आवश्यक छ:

1) **प्रत्येक विद्यालय वर्षको सुरुवातमा** किन्डरगार्टनदेखि तेस्रो कक्षासम्मका सबै बालबालिकाको पठन सीपहरू परीक्षण गर्ने।
2) **तपाईंको बच्चाले परीक्षाको नतिजाका आधारमा आफ्नो ग्रेड-स्तरअनुसार**पढ्न नसकेको पाइएमा परिवारहरूलाई लिखित रूपमा जानकारी दिने। कानुनले परीक्षाको नतिजा र बच्चालाई विद्यालयमा पढ्न सिकाउने विद्यालयको योजनासम्बन्धी विद्यालयले परिवारलाई प्रदान गर्नुपर्ने विवरणहरूका बारेमा स्पष्ट रूपमा उल्लेख गरेको छ।
3) **बच्चालाई विशेष निर्देशन दिने, जसलाई हस्तक्षेप सेवाहरू भनिन्छ।** तपाईंको बच्चाले परीक्षामा ग्रेड-स्तरभन्दा कम अङ्क प्राप्त गरेमा ती सेवाहरू बच्चाको अध्ययन आवश्यकताअनुसार विशेष रूपमा प्रदान गरिनुपर्छ। हस्तक्षेप सेवाहरू **पठन विज्ञानमा आधारित हुनुपर्छ**।
4) **वर्षको सुरुवातमा तपाईंको बच्चालाई** पठनसम्बन्धी परीक्षण**गरिएको मितिदेखि 60 दिनभित्र**पठन सुधार र अनुगमन योजना तयार गर्ने। यो योजना बनाउँदा बच्चाको कक्षाकोठाका शिक्षक र आमाबुवा/अभिभावक संलग्नहुनुपर्छ।

## ओहायोमा यो कानुन किन छ?

कक्षा स्तरमा नपढ्ने बालबालिकालाई अतिरिक्त सहयोग प्राप्त नभएमा विद्यालयमा गाह्रो हुन्छ। उनीहरूले हाई स्कुल छोड्ने सम्भावना चार गुणा बढी हुन्छ।

## म मेरो बच्चालाई पढाइमा सुधार गर्नमा मद्दत गर्न के गर्न सक्छु?

आमाबुवाले आफ्नो बच्चालाई हरेक दिन पढ्न मद्दत गर्न धेरै कुरा गर्न सक्छन्!

- **आफ्नो बच्चाको पढाइलाई बारम्बार प्रशंसा गर्ने।** बच्चाले पढाइमा प्रगति गर्दा धेरै रोमाञ्चक हुन्छ। उनीहरूको विकासमा तपाईं कत्तिको गर्व गर्नुहुन्छ साझा गर्नुहोस्।
- **तपाईंको बच्चाले विद्यालयमा सिकिसकेका** पठन र लेखन सीपहरू अभ्यास गर्न उनीहरूलाई समय दिने। तपाईंको बच्चाका शिक्षकहरूलाई कुन-कुन विशिष्ट सीपहरूमा काम गर्नु आवश्यक छ भन्ने बारेमा सोध्नुहोस्।
- **तपाईंको बच्चाले पढिरहेको बेला सुन्ने।** डिकोडेबल्स भनिने केही पुस्तक विशिष्ट पठन सीपहरूको अभ्यासका लागि धेरै राम्रा हुन्छन्। तपाईंको बच्चाले अभ्यास गर्नुपर्ने आवश्यकताअनुसार मिल्ने पुस्तकहरूको उदाहरणका लागि शिक्षक वा लाइब्रेरियनलाई सोध्नुहोस्।
- **बच्चाले गल्ती गरेमा उनीहरूलाई फेरि अर्को पटक विस्तारै शब्द पढ्न लगाउने।** तपाईंको बच्चाले अर्थ बुझेको निश्चित गर्न वाक्य फेरि पढ्न लगाउनुहोस्।
- **तपाईंको बच्चालाई पुस्तकबाट विश्राम चाहिएमा केही समयका लागि विश्राम लिने। अक्षर फ्ल्यासकार्ड, अन्य अध्ययनसम्बन्धी खेल र सामग्रीहरू प्रयास गर्ने वा लेखनमा काम गर्ने।** अध्ययन विभिन्न तरिकाले हुन सक्छ।
- **तपाईंको बच्चाले हरेक दिन समय बिताउने सबै ठाउँमा पुस्तक र लेखन सामग्री राख्ने।**
- **घरमा पढाइ कस्तो भइरहेको छ भन्ने बारेमा आफ्नो बच्चाको शिक्षकसँग महिनामा**वा धेरै पटक कुरा गर्ने र विद्यालयमा पठन समय कस्तो भइरहेको छ भन्ने बारेमा विवरणहरू सोध्नुहोस्।

## शिक्षकलाई सोध्नुपर्ने प्रश्नहरू

- **यस शैक्षिक वर्षमा**मेरो बच्चाको पठन र लेखनका बारेमा विद्यालयले कस्तो तथ्याङ्क सङ्कलन गरेको छ? म ती नतिजाहरूको प्रति प्राप्त गर्न सक्छु? (अभिभावकका लागि नोट: नतिजाहरू भ्रामक छन् भने तपाईंलाई बुझ्न मद्दत गर्नका लागि थप जानकारीको अनुरोध गर्नुहोस्।)
- **मेरो बच्चाको** पठन र लेखन**समयका लागि कस्ता** पाठ्यक्रम र सामग्रीहरू प्रयोग गरिँदैछ?
- **विद्यालयमा पढ्ने र लेख्ने समयमा के हुन्छ?** मेरो बच्चाले पाठमा ध्यान दिन र सहभागिता जनाउन सक्छ? बच्चाले प्रगति गरिरहेको देखिन्छ? देखिँदैन भने मेरो बच्चालाई राम्रोसँग सिक्न मद्दत गर्न विद्यालयले अरू के गर्न सक्छ?
- **मेरो बच्चाले आगामी एक महिनामा** प्रगति नगरेमा विद्यालय प्रणालीभित्रै मेरो बच्चालाई थप सहयोग गराउनका लागि मेरा अन्य विकल्प के-के छन्?

## मेरो बच्चाले पठन परीक्षा पास नगरेमा ऊ चौँथो कक्षामा जान सक्छ?

सक्छ। केही विद्यार्थीले तेस्रो कक्षाको पढाइमा आवश्यक ग्रेडस्तरको नतिजा प्राप्त गर्न सकेनन् भने विद्यालयले ती विद्यार्थीहरूलाई तेस्रो कक्षा आंशिक रूपमा वा पूरै दोहोऱ्याउन सिफारिस गर्न सक्छन्। विद्यार्थीहरू यस कानुनमा दिइएका निम्न छुटहरूका आधारमा अझै पनि चौथौँ कक्षामा जान सक्छन्।

## तेस्रो कक्षा दोहोऱ्याउनु नपर्ने छुटहरू

1) **आमाबुवाले आफ्नो बच्चाको पढाइको अङ्क र पढाइका लागि सहयोग प्राप्त गर्ने विकल्पहरूका बारेमा शिक्षक र विद्यालयका प्रधानाध्यापकसँग छलफल गरिसकेपछि आफ्नो बच्चालाई चौँथो कक्षामा** अगाडि बढाउने अनुरोध गर्न सक्छन्। यस निर्णयमा अन्तिम अधिकार आमाबुवालाई दिइन्छ। ओहायोको स्टेटवाइड फेमिली इन्गेजमेन्ट सेन्टरको वेबसाइटमायस छुटका बारेमा थप पढ्नुहोस्।
2) **तीन वर्षभन्दा कम समयको अङ्ग्रेजी भाषा समर्थनमा अङ्ग्रेजी भाषा सेवाहरू** प्राप्त गरिरहेका विद्यार्थीहरू चौँथो कक्षामा जान सक्छन्।
3) **IEP मा छुट उल्लेख गरिएको विशेष शिक्षा सेवाहरू** प्राप्त गरिरहेका विद्यार्थीहरूलाई तेस्रो कक्षा दोहोऱ्याउन नपर्न सक्छ।
4) **पहिले नै दुई विद्यालय वर्षदेखि पढाइमा गहिरो सुधार प्रशिक्षण पाइसकेका तर अझै आफ्नो कक्षाको स्तरअनुसार पढ्न नसकेका विशेष शिक्षा सेवा** प्राप्त गरिरहेका विद्यार्थीहरू।
5) **दुई विद्यालय वर्षदेखि पढाइमा गहिरो सुधार प्रशिक्षण पाइसकेका र** किन्डरगार्टेनदेखि तेस्रो कक्षासम्मको ग्रेड स्तर दोहोऱ्याइसकेका विद्यार्थीहरू।
6) **राज्यद्वारा स्वीकृत वैकल्पिक परीक्षामा** उत्तीर्ण अङ्क प्राप्त गर्ने विद्यार्थीहरू।

## तेस्रो कक्षापछि विद्यार्थीहरूलाई कस्ता समर्थनहरू प्रदान गरिन्छ?

यसलाई तेस्रो कक्षाको पठन ग्यारेन्टी भनिए पनि विद्यालयहरूले 12औं कक्षादेखि ग्रेड-स्तरमा नपढ्ने विद्यार्थीहरूलाई सहयोग प्रदान गर्न जारी राख्नुपर्छ। तपाईंको बच्चाले ग्रेड स्तरमा पढ्दासम्म विद्यालयले प्रदान गर्ने सहयोगका बारेमा सोध्नुहोस्।

## प्रश्नहरू छन्?

ThirdGradeGuarantee@education.ohio.gov मा इमेल पठाउनुहोस्।